नेपाल खुला विश्वविद्यालय
स्था: २०७३

# नेपाल खुला विश्वविद्यालय
केन्द्रीय कार्यालय
मानभवन, ललितपुर, नेपाल

☎: ०१-५००८२६२
०१-५९१३९५०

प.सं.: २०८२/८३
च.नं.: ६६

मिति : २०८२/१०/०२

## प्रथम दीक्षान्त समारोहको कार्यक्रमसम्बन्धी सूचना ।

नेपाल खुला विश्वविद्यालयको प्रथम दीक्षान्त समारोह २०८२ साल माघ ११ गते, आइतबार तद्नुसार January 25 2026 मा नेपाल पुलिस क्लब प्रदर्शनी मार्ग काठमाडौंमा आयोजना गरिने भएकोले सम्बन्धित सबै विद्यार्थीहरूको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । दीक्षान्त समारोहमा सहभागी हुने विद्यार्थीहरूले आआफ्नो गाउन,स्कार्फ र टोपी पहिरी प्रवेशद्धारमा आफूले प्राप्त गरेको ग्रेस कार्ड देखाई विहान १०:०० बजेभित्र समारोह स्थलमा प्रवेश गर्नुपर्ने र Seating Arrangement अनुसार तोकिएको स्थानमा बसिसक्नु पर्नेछ । यस समारोहसँग सम्बन्धित अन्य विस्तृत कार्यक्रम निम्नानुसार हुनेछ :

**१. गाउन, स्कार्फ र टोपी वितरण :**

(क) मिति २०८२ माघ ६ गतेदेखि १० गतेसम्म

(ख) समय : दिउँसो १:०० बजेदेखि ३:०० बजेसम्म

(ग) स्थान : नेपाल खुला विश्वविद्यालयको केन्द्रीय कार्यालय, मानभवन ललितपुर ।

(घ) अनिवार्य रूपमा ल्याउनु पर्ने कागजातहरू : दुईप्रति फोटो (MRP Size) र बैंक भौचर

(ङ) समारोहको दिन **२०८२ साल माघ ११ गते गाउन, स्कार्फ र टोपी वितरण नगरिने** भएकाले उपरोक्त मिति भित्रै गाउन, स्कार्फ र टोपी अनिवार्य रुपमा लिई सक्नु पर्नेछ ।

**२.पोसाक : समारोहमा भाग लिन आउने विद्यार्थीहरूले लगाउनु पर्ने पोशाक निम्नानुसार हुनेछ :**

(क) छात्रहरुले औपचारिक पोसाकमा कोट, पाइन्ट टाई र नेपाल खुला विश्वविद्यालयले उपलब्ध गराएको गाउन,स्कार्फ र टोपी ।

(ख) छात्राहरुले औपचारिक पोसाकमा वा साडी,ब्लाउजमा नेपाल खुला विश्वविद्यालयले उपलब्ध गराएको गाउन, स्कार्फ र टोपी।

**३. प्रमाणपत्र वितरण :**

(क) प्रमाणपत्र वितरण समारोह स्थलस्थित दीक्षान्त मण्डपबाट गरिनेछ ।

(ख) दीक्षान्त समारोहमा उपस्थित भएका तर सो दिन प्रमाणपत्र लिन नभ्याएका र भाग लिन आवेदन दिई भाग लिन नसकेका विद्यार्थीहरूले पछि नेपाल खुला विश्वविद्यालय केन्द्रीय परीक्षा शाखाबाट प्रमाणपत्र प्राप्त गर्न सक्नेछन् ।

**४. गाउन,स्कार्फ, टोपी र धरौटी रकम फिर्ता : (विदाको दिनबाहेक)**

(क) गाउन,स्कार्फ र टोपी फिर्ता मिति : २०८२ माघ १३ गतेदेखि १५ गतेसम्म ।

(ख) नेपाल खुला विश्वविद्यालय, केन्द्रीय परीक्षा शाखाबाट बिहान ११:०० बजेदेखि ३:०० बजेसम्म गाउन, स्कार्फ र टोपी विद्यार्थीबाट लिई धरौटी रकम फिर्ता गरिनेछ ।

(ग) गाउन, स्कार्फ र टोपी वितरण गर्दा दिइएको मेमो पेपर साथ गाउन, स्कार्फ र टोपी बुझाएपछि मात्र धरौटी रकम फिर्ता गरिनेछ । गाउन, स्कार्फ र टोपी हराएमा वा तीनमध्ये एक वा दुई हराएमा प्रति थान रू १०००/- जरिवाना वा फिर्ता नबुझाएमा निजको धरौटी रकम फिर्ता गरिने छैन ।

(घ) निर्धारित मिति भित्र गाउन, स्कार्फ र टोपी फिर्ता नगर्ने विद्यार्थीहरूको निम्नानुसार विलम्ब शुल्क कटाई धरौटी रकम फिर्ता गरिनेछ । साथै फाराम भरेका तर गाउन, स्कार्फ र टोपी नलगेका विद्यार्थीहरूका लागि पनि आफ्नो धरौटी रकम फिर्ता लिन निम्न बमोजिम तोकिए अनुसारकै बिलम्ब शुल्क लाग्नेछ :

| मिति | विलम्ब शुल्क |
|---|---|
| २०८२/१०/१६ गतेदखि ०८२/१०/१९ गतेसम्म | २५०/- |
| २०८२/१०/२० गतेदखि ०८२/१०/२३ गतेसम्म | ५००/- |
| २०८२/१०/२४ गतेदखि ०८२/१०/२७ गतेसम्म | ७५०/- |
| २०८२/१०/२८ गतेदखि ०८२/११/०२ गतेसम्म | १०००/- |

**उक्त मिति भित्रमा धरौटी फिर्ता नलिएमा धरौटी फिर्ता गरिने छैन ।**

५. वि.सं.२०७४ देखि वि.सं २०८२ असार मसान्तसम्ममा सेमेष्टर तथा वार्षिक परीक्षा प्रणालीअनुसार डिप्लोमा, स्नातक, स्नातकोत्तर तथा एमफिल तह उत्तीर्ण गरी ट्रान्सक्रिप्ट लिएका विद्यार्थीहरूले मिति २०८२/१०/११ गते आइतबार आयोजना हुन लागेको प्रथम दीक्षान्त समारोहमा भाग लिन इच्छुक विद्यार्थीहरूले नेपाल खुला विश्वविद्यालय, मानभवन ललितपुरको वेवसाइट https://www.nou.edu.np को **Convocation** बाट **२०८२ माघ ४** गते भित्रमा रित पुऱ्याई अनलाइन आवेदन दिनुहुन पुन: जानकारी गराइन्छ ।

डा.सुरेन्द्र श्रेष्ठ
नि.कुलसचिव